**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागदुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ९ गते बुधबार ❑ 22 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## राज्यका निकायलाई सुदृढ बनाएर सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनुपर्छ : प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, ८ बैशाख

प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानजस्ता निकायहरूलाई खारेज गर्नुको सट्टा सुधारमार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने स्पष्ट पार्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमा मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताउनुभयो। "यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठूलो सहयोग पुग्नेछ," उहाँले भन्नुभयो।

नीति अनुसन्धान प्रतिष्ठानका सन्दर्भमा उहाँले भन्नुभयो, "विषय विज्ञ र अनुसन्धानकर्ताको महत्त्व कति रहन्छ भन्ने हामीलाई थाह छ। हामीलाई यस्तो उत्कृष्ट विज्ञता चाहिएको हो, जसले जनप्रतिनिधिले भन्दा पनि गहिरो अध्ययन र दूरगामी सोच प्रस्तुत गर्न सकून्। सरकारले विज्ञहरूको प्राज्ञिक कार्यलाई पूर्ण रूपमा ग्रहण गर्नेछ।" प्रधानमन्त्री शाहले कुनै पनि बहानाबाजी नगरी बिना सङ्कोच नतिजा निकाल्ने गरी काम गर्न दुवै निकायलाई निर्देशन दिनुभयो। "कुनै पनि कार्य सम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ। विकासमा विषय विज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्," उहाँले भन्नुभयो।

मन्त्रालयहरूबीच समन्वय नभएको भन्ने तर्क स्वीकार्य नहुने स्पष्ट पार्दै उहाँले एउटै सरकार मातहत त्यस्तो समस्या हुन नहुने बताउनुभयो। साथै, बजेट र कानुनी जटिलतालाई काम नगर्ने बहानाका रूपमा प्रयोग नगर्न उहाँले सचेत गराउनुभयो। "प्रभावकारी अध्ययन र अनुसन्धानबाट मात्रै परिणाम सम्भव छ। पुराना नीति र ऐनकै भरमा ५० वर्षसम्म काम त चलाउन सकिएला तर सुधार नगरेसम्म देश समृद्ध हुन सक्दैन," प्रधानमन्त्रीको कथन थियो।

सो अवसरमा अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताउनुभयो। उहाँले विज्ञहरूको ज्ञानलाई सरकारी नीति, कार्यक्रम र बजेटमा रूपान्तरण गर्न निर्देशन दिनुभयो। स्पष्ट लक्ष्य, पर्याप्त बजेट, तोकिएको जिम्मेवारी र मापनयोग्य परिणामसहितका प्रस्तावहरू सम्बन्धित मन्त्रालयमार्फत ल्याउनुपर्नेमा उहाँकोविशेषजोडथियो।अर्थमन्त्री वाग्लेले विद्यमान संस्थागत संरचनाको सुदृढीकरण, अप्रासङ्गिक प्रावधानहरूको खारेजी र नयाँ आवश्यकताअनुसार नीति विकास गर्ने प्रक्रिया थालनी गरिने जानकारी दिनुभयो। उहाँले नवप्रवर्तनात्मक कार्यक्रमहरूलाई 'पाइलट प्रोजेक्ट' का रूपमा सुरु गरी सफल भएपछि राष्ट्रिय स्तरमा विस्तार गर्ने रणनीतिबारे समेत चर्चा गर्नुभयो। छलफलका क्रममा आयोगका पदाधिकारीहरूले आफ्नो क्षेत्रको कार्य प्रगति, चुनौती र बजेटको अवस्थाबारे प्रधानमन्त्रीसमक्ष 'बिफ्रिङ' गर्नुभएको थियो। प्रतिष्ठानका कर्मचारीहरूले हालसम्मका अध्ययन-अनुसन्धान सरकारी कार्य प्रणालीका लागि निकै महत्वपूर्ण रहेको उल्लेख गर्दै थप जनशक्ति र स्रोतसाधनको माग गर्नुभयो। प्रधानमन्त्रीसँगको यस प्रत्यक्ष संवादले आफूहरूलाई थप ऊर्जा र मिहिनेतका साथ काम गर्ने प्रेरणा मिलेको उहाँहरूको भनाइ छ।

## पत्रकार महासङ्घ गण्डकीद्वारा मुख्यमन्त्री पाण्डेलाई ज्ञापनपत्र

**रासस**
मुस्ताङ, ८ बैशाख

नेपाल पत्रकार महासङ्घ, गण्डकी प्रदेश समितिले निजी सञ्चारमाध्यममा सरकारी विज्ञापन रोक लगाउने सङ्घ सरकाको निर्णय फिर्ताका लागि आवश्यक समन्वय र दबाब सिर्जना गर्न माग गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई मंगलबार ज्ञापनपत्र बुझाएको छ।

प्रदेश समितिका अध्यक्ष रमेश पौडेल, महासचिव जमुना वर्षा शर्मासहित गण्डकीका ११ वटै जिल्लाका महासङ्घका अध्यक्षहरूद्वारा संयुक्त रूपमा हस्ताक्षरित ज्ञापनपत्रमा सङ्घ सरकारको उक्त निर्णयले संविधानप्रदत्त समान हक र खुला प्रतिस्पर्धाको सिद्धान्तलाई निषेध गरेको उल्लेख छ। सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने निर्णयले निजी सञ्चारमाध्यमको अस्तित्व सङ्कटमा पर्ने महासङ्घको ठहर छ। ज्ञापनपत्रमा सङ्घ सरकारको उक्त निर्णयले प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा समेत हस्तक्षेप भएको उल्लेख गर्दै उक्त निर्णयलाई गण्डकी प्रदेशमा कार्यान्वयन नगर्न र सञ्चारमाध्यमको हितमा प्रदेश सरकार आफ्नै नीतिमा स्पष्ट हुन आग्रह गरिएको छ। साथै गण्डकी प्रदेश सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापनलाई तत्काल सञ्चालन गरी सूचीकृत भएका सबै सञ्चारमाध्यमहरूलाई समानुपातिक आधारमा वितरण गर्ने व्यवस्था मिलाउन आग्रह गरिएको छ। महासङ्घका प्रदेश अध्यक्ष पौडेलसहितको टोलीले बुझाएको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री पाण्डेले सरकारी सञ्चारमाध्यमलाई मात्र सरकारी विज्ञापन दिने निर्णयका विषयमा प्रधानमन्त्रीसँगको भेटमा पनि आफूले कुरा उठाएको बताउनुभयो।

उक्त निर्णय सच्चिने विश्वास व्यक्त गर्दै उहाँले राज्यले समान ढङ्गले सबै सञ्चारमाध्यमलाई स्रोतसाधन उपलब्धगराउनुपर्नेधारणाराख्नुभयो। मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले उपलब्ध गराउने लोककल्याणकारी विज्ञापन समयमा वितरण गर्नाका साथै पत्रकारको क्षमता विकास तथा सञ्चारमाध्यमको सबलीकरणमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

## मुस्ताङमा भारतीय नागरिक मृत फेला

**रासस**
मुस्ताङ, ८ बैशाख

मुस्ताङमा एक भारतीय नागरिकको शव मृत अवस्थामा फेला परेका छन्।

घरपझोङ गाउँपालिका-४ लामाकुर्सीस्थित लामाकुर्सी गुम्बाको बत्ती बाल्ने कोठामा भारतीय नागरिकको शव आइतबार बिहान १०:१५ बजेको समयमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ।

जिल्ला प्रतापगढ उत्तर प्रदेश राज्य भारत घर भएका ६३ वर्षीय पुरुष सङ्गमलाल यादवको शव मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ईश्वर महतले जानकारी दिनुभयो।

वारागुङमुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाको सिमाना पान्डा खोला नजिकै जोमसोम-कागबेनी सडक छेउको लामाकुर्सी गुम्बाको बत्ती बाल्ने कोठामा भारतीय नागरिकको मृत शव फेला परेको प्रहरी निरीक्षक महतले बताउनुभयो।

मृत फेला परेका भारतीय नागरिकको घटनास्थलबाट आधार कार्ड फेला परेको छ। घटनाको प्रहरी विवरणअनुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आयकर र भ्याटका प्रावधानहरु बुझ्दै व्यवसायीहरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख



उद्योग/व्यवसाय संचालन गर्नु, रोजगारी दिनु र राजश्वमार्फत् राज्यकोषमा योगदान दिनेहरु कस्ता हुन्छन् ? के उद्योग/व्यवसायमा सफल हुन मानसिक स्वास्थ्य वा अध्यात्मको योगदान हुन्छ ? यी प्रश्न जति सरल छन्,उति नै कठीन पनि।

दृष्टिकोण आ-आफ्ना होलान् तर मानसिक शान्ति बिना उद्योग/व्यवसायमा पनि सफलता टाढा हुन्छ भन्छन्-मानव सेवा आश्रम पोखराका प्रमुख रामजी अधिकारी। सडकआश्रित र सहाराविहीनलाई सहारा दिँदै आएको संस्थाका प्रमुखको भनाइ मान्ने हो भने चित्त शुद्ध नहुँदा,तन,मन र शरीरमा उर्जा कम हुँदा त्यसले व्यवसायलाई पनि असर पार्छ। आँटे-ताकेका काम पूरा हुँदैनन्। व्यवसायीको धर्म नाफा कमाउनु हो तर त्यसमा सेवा भाव पनि हुनैपर्ने उनको भनाइ छ। शरीर स्वस्थ र मन खुसी हुनेले नै सफलता प्राप्त गर्ने उनको भनाइ छ। मानव सेवा आश्रम पोखरा प्रमुख अधिकारी सोमबार पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोग संस्था जीआइजेडको दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआरएसडी) को सहयोगमा आयोजना गरेको आयकर तथा भ्याट एवं संघ/संस्था व्यवस्थापनसम्बन्धी तालिममा प्रमुख अतिथिको रुपमा बोल्दै थिए। उनले आम्दानी र खर्चको हिसाब चुस्त राखिरहँदा मनको व्यवस्थापनमा पनि ध्यान दिन पटक-पटक आग्रह गरे। एक सयभन्दा बढी सहभागीमाझ उनले सेवा भावले व्यावसायिक उन्नतिमा सघाउने पनि बताए।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले मूल्य अभिवृद्धि कर,आयकर र अन्तशुल्कका विषयहरुबारे जानकारी राख्दा सम्भावित दण्ड-जरिवानाबाट जोगिनुमात्र नभएर असल नागरिकको जिम्मेवारी बहन गर्नु पनि हो भने। पोखरा उद्योग वाणिज्य संघले सम्पादन गरिरहेका विभिन्न कार्यहरुबारे जानकारी दिँदै अध्यक्ष कार्कीले नीतिगत पैरवी,तालिम-गोष्ठी र परामर्शलाई संघले सँगै अगाडि बढाएको बताए। संघकी महासचिव तथा कार्यक्रम संयोजक शोभा गौतमले जीआइजेडको राजश्व सुधार परियोजना (आरएसआरएसडी) सँगको सहकार्यमा संघले उद्योगी/व्यवसायीका निम्ति १४ वटा यस्तै खालका तालिम आयोजना गरेको जानकारी दिइन्। सहभागीहरुलाई सिए विवेक श्रेष्ठले करका विविध आयामबारे प्रशिक्षण दिएका थिए।


**सम्पदा जोगाऔं, पहिचान बचाऔं।**

◆ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
◆सम्पदा क्षेत्रमा फोहोर नगरौं।
◆पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्‍याऔं।
◆स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं।
◆सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
◆ पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
◆ अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
◆पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षर्णमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## विश्वको मानव अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन सार्वजनिक

**रासस**
काठमाडौं, २ बैशाख

एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२५/२६ को विश्वको मानव अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको छ।

प्रतिवेदनमा शक्तिशाली राष्ट्रहरू, निजी व्यावसायिक क्षेत्र र अधिकार विरोधी आन्दोलनहरूद्वारा सञ्चालित बहुपक्षीयता, अन्तरराष्ट्रिय कानुन र मानव अधिकारमाथि आक्रमण भएको जनाएको छ।

प्रतिवेदनमा जातीय विभेद, लैङ्गिकतामा आधारित विभेद र हिंसा अधिकारमाथि बन्देजहरू शरणार्थी र आप्रवासीहरूको अधिकार उल्लङ्घन भएको उल्लेख गरिएको छ।

प्रतिवेदनले २०२५ मा विश्वका १४४ देशलाई समेट्दै अन्तरराष्ट्रिय कानुनविरुद्ध अपराधहरू भएको, नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध, हतियारको गैरजिम्मेवारपूर्ण ओसार पसार र उत्पादन दण्डहीनता बढेको देखाएको छ। एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले मानव विश्वमा मानव अधिकारको अवस्थाबारे जानकारी दिँदै मानव अधिकारको अवस्था सन्तोजनक नभएको बताउनुभयो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# घान्द्रुकमा पर्यटकीय चहलपहल

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख



कास्कीको अन्नपूर्ण गाउँपालिका-१० र ११ स्थित रमणीय गाउँ घान्द्रुकमा यतिबेला पर्यटकको चहलपहल बढेको छ। दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आवतजावत बाक्लिएको हो।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले सप्ताहन्तमा दैनिक एक हजारदेखि एक हजार २०० सम्म पर्यटक आउने गरेका जानकारी दिनुभयो। "अन्य दिनमा पनि छ-सात सय पर्यटक भित्रिरहेका छन्," उहाँले भन्नुभयो, "सरकारले सातामा दुई दिन बिदा दिने निर्णय गरेपछि पर्यटकीय गतिविधि थप बढ्ने अपेक्षा लिइएको छ।"

'सबै मौसममा पर्यटन'को मूलमन्त्रसहित स्थानीय पर्यटन व्यवसायीले घान्द्रुकको प्रवर्द्धन गर्दै आएका छन्। संस्कृति र प्रकृतिको सङ्गमस्थल मानिने घान्द्रुक अन्नपूर्ण चक्रीय पदमार्गको आकर्षक गन्तव्यस्थलमा पर्छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत इलाका संरक्षण कार्यालयका प्रमुख भीमप्रसाद उपाध्यायले घान्द्रुक हुँदै अन्नपूर्ण क्षेत्रको घुमफिर गर्न आउनेमध्ये बढी भारतीय पर्यटक रहेको बताउनुभयो। यो याममा एकैदिनमा ८५६ जनासम्म विदेशी पर्यटक यस क्षेत्रमा आएको उहाँको भनाइ छ। पछिल्लो समय भारतीय पर्यटकको सङ्ख्या बढ्दो छ, आन्तरिक पर्यटन पनि उत्तिकै फस्टाएको छ। चल्तीका पदमार्ग, आकर्षक गन्तव्यस्थल र व्यवस्थित पर्यटकीय पूर्वाधारका कारण यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको कार्यालय प्रमुख उपाध्यायको भनाइ छ।

सडकको पहुँच विस्तारले घान्द्रुकमा आन्तरिक पर्यटकको आवतजावत पछिल्लो समय बढेको हो। अन्नपूर्ण गाउँपालिका-१० का वडाध्यक्ष गौतम गुरुङले घान्द्रुकलाई पर्यटन बजारमा बिकाइराख्न यहाँको मौलिकता र पहिचान जोगाउनुपर्ने बताउनुभयो। पछिल्लो समय तीव्र रूपमा निर्माण भइरहेका कङ्क्रिटका संरचनाले गाउँको मौलिक स्वरूप बिगारेको उहाँको भनाइ छ। परम्परागत सामग्री र शिल्प प्रयोग गरेर घर निर्माण गर्नेलाई गाउँपालिकाले अनुदानको नीति ल्याउन लागेको वडाध्यक्ष गुरुङले बताउनुभयो। विसं २०२६/२७ तिर स्थानीय शङ्करमान गुरुङले घान्द्रुकमा पर्यटनको जग बसालुभएको थियो।

घान्द्रुक गाउँ अहिले चल्तीको गन्तव्यका रूपमा देशीविदेशीमाझ परिचित छ। बर्सेनि हजारौँ पर्यटकले यहाँ पाइला टेक्छन्। प्रकृति र संस्कृतिमा रमाउँछन्। पर्यटकीय चहलपहल बढे पनि घान्द्रुकको असली पहिचान गुम्ने हो कि भन्ने पिरलो गुरुङलगायत गाउँका अगुवालाई छ। घान्द्रुक उहिलेको जस्तो छैन। जीवनशैली, रहनसहन फेरिँदो छ। नयाँ बनिरहेका संरचनाले गाउँको मौलिक स्वरुप भने खल्बलिएको छ। पर्यटकको आवतजावत बढेसँगै करोडौँ लगानीमा होटलदेखि रिसोर्टसम्म खुलेका छन्। आधुनिकताले गाउँको पुरानो चिनारीलाई विस्थापित गर्दैछ। मौलिकता जोगाउन नसके घान्द्रुकको पर्यटनको भविष्य पनि सङ्कटमा पर्ने देखेर स्वयं पर्यटन व्यवसायी पनि चिन्तित छन्। घान्द्रुकबाट नजिकै देखिने अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको दृश्य यहाँको मुख्य आकर्षण हो। घान्द्रुकको गाउँले परिवेश र संस्कृतिले पर्यटकलाई लोभ्याउने गरेको छ। पर्यटन व्यवस्थापन समितिका अनुसार घान्द्रुकमा रिसोर्टसहित ८० वटा होटल छन् भने पैतीस वटा घरबास छन्। पर्यटन व्यवसायमा अर्बौँको लगानी छ। सयौँले रोजगारी पाएका छन्। भारतीय, चिनियाँदेखि युरोप, अमेरिकासम्मका पर्यटक यहाँ आउने गरेका छन्।

अन्नपूर्ण संरक्षण क्षेत्रको अन्नपूर्ण आधार शिविर, म्याग्दीको पुनहिल-घोरेपानीलगायत जोड्ने पदमार्गमा पर्ने घान्द्रुक पर्यटकको विश्रामस्थलका रुपमा समेत लिइन्छ। पोखरा-बागलुङ राजमार्गको नयाँपुलदेखि बिरेठाँटी, स्याउलीबजार, किम्चे हुँदै पाँच-छ घण्टाको पदयात्रामा घान्द्रुक पुग्न सकिन्छ। मोटरमा पोखराबाट घान्द्रुक पुग्न दुई घण्टा लाग्छ।

# पोखरा म्याराथनको रजत महोत्सव समापन

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको रजत महोत्सव समापन गरिएको छ।

सोमबार एक कार्यक्रमको आयोजना गरि नेपाली खेलकुद क्षेत्रमा विशेष योगदान पुऱ्याएका स्वर्गीय शरदचन्द्र शाहलाई मरणोपरान्त राष्ट्रिय खेलकुद पुरस्कार प्रदान गरेर महोत्सव समापन गरिएको मञ्चका अध्यक्ष दिल बहादुर गुरुङले जानकारी दिए।

स्वर्गीय शाहाका परिवारलाई नगद १ लाखसहित पदक र सम्मानपत्रले सम्मान गरिएको अध्यक्ष गुरुङले खुलाए। शाहा परिवारको तर्फबाट शाहाकि श्रमती,रमा शाहा र छोरि मिमोहि शाहालाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, गण्डकी प्रदेश खेलकुद परिषदका सदश सचिव श्रीधर शर्मा, मञ्चका संस्थापक खड्क रानाभाट, मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ,रेस डाइरेक्टर तेज बहादुर गुरुङ, कार्यक्रम संयोजक हरिप्रसाद पराजुली लगाएतले संयुक्त रुपमा सम्मान गरेका हुन्। स्वर्गीय शाहले २०३४ सालदेखि २०४५ सालसम्म राष्ट्रिय खेलकुद परिषद् को सदस्य सचिवका रूपमा कार्य गर्दै नेपाली खेलकुदको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए। उक्त अवधिलाई नेपाली खेलकुदको स्वर्ण युगका रूपमा समेत लिइन्छ। उनले राष्ट्रिय खेलकुद प्रतियोगिता, नगर खेलकुद प्रतियोगिता तथा दक्षिण एसियाली खेलकुद प्रतियोगिताको परिकल्पना गरी खेलकुदलाई संस्थागत र चलायमान बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेका थिए।

राष्ट्रिय खेलकुद पुरस्कारको नगद राशि संस्थापक मञ्चका संस्थापक खड्क रानाभाटले आजीवन प्रायोजन गर्ने घोषणा गरेका थिए। अब उक्त पुरस्कार हरेक दुई वर्षमा वितरण गरिने छ।

कार्यक्रममा २५ वर्ष देखि निरन्तर सहयोग गर्ने प्रायोजक,बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था,व्यक्तिहरु सम्मान गरिएको सचिव महेश पौडेलले बताए।

मञ्चले रजत बर्ष महोत्सवको अवसर पारेर १२ महिना १२ कार्यक्रम घोषणा गरेको थियो, सोहि अनुसार हाल सम्म १६ ओटा कार्यक्रम सम्पन्न भइसकेको मञ्चका रेस डाइरेक्टर तेज बहादुर गुरुङले बताए।

# पोउवा संघमा हङकङ चेम्बरका महासचिव

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

पोखरा उद्योग वाणिज्य संघले आफ्नो भगिनी संस्था नेपाल चेम्बर अफ कमर्स हङकङका महासचिव इयानी वरदान गुरुङको स्वागत तथा सम्मान गरेको छ।

पारिवारिक भेटघाट तथा काम विशेषले पोखरा आएका महासचिव गुरुङलाई संघका अध्यक्ष गोकर्ण कार्कीसहित पदाधिकारी र कार्यसमितिका सदस्यहरुबाट स्वागत र सम्मान गरिएको पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले जानकारी दिइन्। सो अवसरमा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा र समग्र नेपालको आर्थिक विकासको लागि हङकङका उद्योगी/व्यवसायी तथा नेपालीहरुलाई सहजीकरणको लागि हङकङ चेम्बरसँग अनुरोध गरे। पोखराकोउद्योग/व्यवसायसहित खेल,स्वास्थ्य र साहसिक पर्यटनको क्षेत्रमा लगानीका प्रसस्त सम्भावनाहरु रहेको उहाँको भनाइ थियो। सम्मान कार्यक्रममा संक्षिप्त धारणा राख्दै नेपाल चेम्बर अफ कमर्स हङकङका महासचिव गुरुङले दुई संघबीचको भाइचारालाई द्विपक्षीय लगानी साझेदारी,लगानीका नयाँ क्षेत्रको खोजीमा लगाउन आफूहरु तयार रहेको बताए। पोउवा संघ र नेपाल चेम्बर अफ कमर्स हङकङसँग सन् २०१८ मा नै आपसी सहयोग आदानप्रदानसम्बन्धी समझदारीमा हस्ताक्षर भएको थियो भने करिब ३ वर्षअघि हङकङ चेम्बरको १५ औं वार्षिकोत्सवमा संघका तत्कालीन अध्यक्ष पवनकुमार प्रजापति सहभागी हुने क्रममा सहमतिलाई अझ फराकिलो बनाइएको थियो।

# माछापुच्छ्रे गाउँपालिकाको पातिखोला गुफा पूर्वाधार विकास गर्न महायज्ञ हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ र ५ को सिमाना पातिखोलामा श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ-२०८३ हुने भएको छ।

पातिखोला गुफा संरक्षण समितिको आयोजना, माछापुच्छ्रे गाउँपालिकाको संरक्षकत्व तथा यस स्थानमा रहेका आम समूह, टोल सुधार समिति, क्लब तथा विभिन्न सामाजिक सङ्घ-संस्थाहरूको सहकार्यमा वैशाख १७ देखि २४ गते सम्म वडा नं ४ को जोगिचौर मणि परिसरमा महायज्ञ हुन लागेको मङ्गलवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ र ५ को सिमानामा पर्ने ऐतिहासिक तथा सांस्कृतिक इतिहास बोकेको पातिखोला गुफाको प्रचार प्रसार सँगै धार्मिक क्षेत्र पूर्वाधार विकासमा खर्च गर्ने उद्देश्यका साथ महायज्ञ गर्न लागिएको मूल समारोह समितिका संयोजक अ.क्या.डम्बरसिंह गुरुङले जानकारी दिए।

'यस ठाउँमा वर्षको तीन पटक मेला लाग्ने गर्दथ्यो हाल यो मेलाले निरन्तरता पाएको छैन' संयोजक गुरुङले भने, 'यस ठाउँमा पूर्वाधार विकास गरी व्यवस्थित बनाई मेलालाई पुन निरन्तरता दिने यस ठाउँलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्य रहेको छ।' उक्त ठाउँमा माघेसक्रान्ति, श्री पञ्चमी र चैते दसैँमा गरी वर्षको तीन पटक कृषि व्यापारी, स्थानीय उत्पादनको बिक्री, विभिन्न परिकारका मिष्ठान्न भोजनसहितको महोत्सव हुने गर्दथ्यो। करिब २ करोड आर्थिक सङ्कलन गर्ने लक्ष्य लिएको उक्त महायज्ञमा पण्डित दीपकप्रसाद पौडेलको प्रवचन गर्ने प्रचार प्रसार उपसमिति संयोजक यामबहादुर गुरुङले जानकारी दिए। महायज्ञमा ५ हजार भन्दा माथि दान गर्नेको शिलालेखमा अङ्कित गर्ने, १० हजार भन्दा माथि दान गर्ने सहयोगी दातालाई दोसल्ला ओढाई सम्मान गर्ने, २० हजार भन्दा माथि दान गर्नेलाई दोसल्ला तथा आकर्षण सम्मान पत्र प्रदान गरिने, ५० हजार भन्दा माथि दान गर्नेलाई दोसल्ला, आकर्षक सम्मान पत्र र मायाको चिनो, १ लाख भन्दा माथि दिनेलाई दोसल्ला, आकर्षक सम्मान पत्र, मायाको चिनो साथै दाता तथा परिवारलाई महायज्ञ स्थलसम्म पञ्चेबाजाले स्वागत तथा सम्मान र ५ लाख भन्दा माथि दान गर्नेलाई दोसल्ला, आकर्षक सम्मान पत्र, मायाको चिनो साथै दाता तथा परिवारलाई आकर्षक डोलीमा चढाई महायज्ञ स्थलसम्म पञ्चेबाजाले स्वागत तथा सम्मान गरिने कार्यक्रम रहेको छ। माछापुच्छ्रे गाउँपालिकाका प्रवक्ता तथा वडा नं. २ का वडा अध्यक्ष गणेश आचार्यले महायज्ञमा हुने भक्तजनको घुइँचोले यस क्षेत्र वरपर रहेका मनोरम दृश्यहरू, मठ-मन्दिर यहाँको जनजीवन, उत्पादनको बारेमा जनमानसमा व्यापक प्रचार प्रसार सहित यहाँको धार्मिक पर्यटन प्रवर्द्धनमा टुलो टेवा पुग्ने विश्वास गाउँपालिकाले लिएको बताए। माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मधुसूदन अधिकारीले ऐतिहासिक तथा धार्मिक रूपमा परिचित यस स्थानमा हुन लागेको महायज्ञलाई सफल बनाउनका लागि तयारीलाई तीव्र पारिएको बताए। पातिखोला गुफा संरक्षण समितिका सचिव रुद्रनाथ अधिकारीले ऐतिहासिक दृष्टिकोणमा यो गुफाको महत्त्व रहे पनि प्रचार प्रसारका कारण ओझेलमा परेका कारण यसको पूर्वाधार विकास गर्ने महायज्ञको आयोजना गरिएको बताए।

पोखराको टुँडिखेल बगरबाट १० किलोमिटर उत्तर पश्चिम तर्फ करिब आधा घण्टाको यात्रामा महायज्ञ स्थल पुग्न सकिनेछ। महायज्ञ अवधिभर पोखराको हरि चोक र माछापुच्छ्रे गाउँपालिकाको सबै वडाबाट महायज्ञ स्थलसम्म जानको लागि आयोजकले यातायातको व्यवस्था गरेको छ।

# विश्वको मानव अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२५/२६ को विश्वको मानव अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको छ।

प्रतिवेदनमा शक्तिशाली राष्ट्रहरू, निजी व्यावसायिक क्षेत्र र अधिकार विरोधी आन्दोलनहरूद्वारा सञ्चालित बहुपक्षीयता, अन्तरराष्ट्रिय कानुन र मानव अधिकारमाथि आक्रमण भएको जनाएको छ।

प्रतिवेदनमा जातीय विभेद, लैङ्गिकतामा आधारित विभेद र हिंसा अधिकारमाथि बन्देजहरू शरणार्थी र आप्रवासीहरूको अधिकार उल्लङ्घन भएको उल्लेख गरिएको छ।

प्रतिवेदनले २०२५ मा विश्वका १४४ देशलाई समेट्दै अन्तरराष्ट्रिय कानुनविरुद्ध अपराधहरू भएको, नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध, हतियारको गैरजिम्मेवार पूर्ण ओसारपसार र उत्पादन दण्डहीनता बढेको देखाएको छ। एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले मानव विश्वमा मानव अधिकारको अवस्थाबारे जानकारी दिँदै मानव अधिकारको अवस्था सन्तोजनक नभएको बताउनुभयो।






# कास्कीमा काँग्रेसको जरा अभियान तिव्र

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

उत्साह र विश्वासको नवीन अभियान भन्ने मूल सन्देश सहित नेपाली काँग्रेसले देशव्यापी गरिरहेको जरा अभियान कास्कीमा तिव्र पारिएको छ।

नेपाली काँग्रेस कास्कीले केन्द्रीय प्रतिनिधिहरुको उपस्थितिमा बैठक गरी आवश्यक तयारी सहित चैत २९ गतेदेखि अभियान प्रारम्भ गरिएको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो। कास्कीमा केन्द्रीय प्रतिनिधिका रुपमा पार्टीका केन्द्रीय सदस्य रेशम बाँनिया र महासमिति सदस्य विष्णु पौडेल आउनुभएको छ।

यसैक्रममा मंगलबार कास्की क्षेत्र नं १ मा अभियान अन्तर्गत भेला गरिएको छ। भेलाले अभियानका लागि प्रतिनिधिहरु खटाएको छ। भेलामा बोल्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधि रेशम बाँनिया, केन्द्रीय सदस्यहरु तिलक बहादुर रानाभाट, कृष्ण के.सीले अभियान पार्टीका लागि अति महत्वपूर्ण भएको उल्लेख गर्नुभयो। कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेश सहमहामन्त्री कोपिला रानाभाट, सभापति किशोरदत्त बराल, महासमिति सदस्यहरु सुदीपमोहन भट्टराई, दीपक गुरुङ माइला लगायतले बोल्नुभएको थियो। अभियान कास्कीका ७२ इकाइसम्म पुग्ने छ। अभियानका क्रममा पार्टीको क्रियाशील सदस्यता अद्यावधिक सँगै वितरण, जनसम्पर्क र जेन्जी युवाहरुसँगको संवाद अघि बढाइने छ। नेपाली काँग्रेस क्षेत्र नं १ कास्कीका सभापति राजेन्द्रमणि लामिछानेको अध्यक्षतामा भएको कार्यक्रम सचिव ओमप्रकाश गुरुङले संचालन गर्नुभएको थियो।

# मुस्ताङमा...

मृत फेला परेका भारतीय नागरिक यादव अघिल्लो महिनाको चैत्र १८ गते ट्रेकिङका लागि आएको बताइएको छ।

भारतीय नागरिकको मृत भेटिएपछि जिल्ला प्रहरी कार्यालय मुस्ताङले मृतकको परिवारसँग सम्पर्कको लागि समन्वय गरिहेको जनाएको छ।

प्रहरी कार्यालयका अनुसार मृतक भारतीय नागरिकको शव जोमसोमस्थित प्रादेशिक अस्पतालको शव गृहमा राखिएको छ।

यसअघि भारतीय नागरिकको शव मृत अवस्थामा रहेको सूचना प्राप्त गरेलगत्तै जिल्ला प्रहरी कार्यालय मुस्ताङमा नौ जनाको प्रहरी टोली घटनास्थलमा पुगेको थियो।

प्रहरीले भारतीय नागरिक मृत अवस्थामा फेला परेको घटनास्थलको प्रकृति र मचुल्का तयार गरी अनुसन्धानकार्य अघि बढाइएको प्रहरी निरीक्षक महतले उल्लेख गर्नुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# जनताको पीडामा बोल्न नसकेका प्रतिपक्षी

मध्य पूर्वमा उत्पन्न भूराजनीतिक तनावका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य अकासिएको छ। नयाँ सरकारबाट राहतको आश गरेका जनताले झन ठूलो आहात महसुस गरेका छन । पेट्रोलियम पदार्थमा भएको मूल्य बृद्धीको प्रत्यक्ष असर नेपालको अर्थतन्त्रमा परेको छ। सरकारले जनताको चुल्होमा पारेको असरका बारेमा चिन्तन गर्न छाडेर स्टन्टमा रमाउन खोज्दा जनताको ढाड सेकिन पुगेको छ। इन्धन मूल्यवृद्धिसँगै सुरु भएको शृ‍ङ्खलाबद्ध असरले दैनिक उपभोग्य खाद्यान्न, तरकारी, खानेपानी, फलफूलदेखि यातायात भाडासम्म छोएको छ। जसले आम उपभोक्ताको भान्साको बजेट नराम्ररी खलबलिएको छ।

नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजार पछ्याउँदै पछिल्लो समय पटक-पटक इन्धन मूल्य समायोजन गरेको छ । यसले गर्दा पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्यमा उल्लेख्य वृद्धि भएको छ। इन्धनको मूल्य बढ्नासाथ त्यसको प्रत्यक्ष असर ढुवानी लागतमा परेको छ। यातायात व्यवस्था विभागले सार्वजनिक सवारीसाधनदेखि मालवाहक ट्रकसम्मको भाडादर समायोजन गरेको छ। बढेको यही ढुवानी लागत हरेक सामान उत्पादन तथा वितरण खर्चमा जोडिँदा उपभोक्ता मूल्यमा थप चाप परेको छ। किसानले उपजको उचित मूल्य नपाउने तर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने अवस्थाले बजारमा सरकारी अनुगमनको प्रभावकारितामाथि पनि प्रश्न उठाएको छाजनताले सरकार छ भन्ने अनुभूति गर्न पाएका छैनन । सरकारलाई जनताको पीडाका बारेमा बोलिदिने कोही छैन।विपक्षी राजनीतिक दल आन्तरिक विवादमा चुर्लुम्म डुबेका छन। उनीहरूलाई विश्वविद्यालयबाट भातृ संगठन हटाउने र दलीय ट्रेड युनियन हटाउने सरकारको निर्णयको विरोध मात्र चासो छ। जनताको सवालमा कम चासो दिंदा पुराना दलहरुप्रति जनविश्वास टुटेको छ। दलका लागि जनताको चुल्हो बल्न गाह्रो भएको विषय प्राथमिकतामा रहनुपर्ने हो। विडम्बना जनताको विषय ओझेलमा परेकै कारण पुराना दलप्रति अविश्वास बढेको हो । जनताबाट टाढा हुँदा के हालतमा पुर्याउँछन भन्ने बुझ्ने मौका चुनाव हा। पुराना दलको नेतृत्वमा सरकार हुँदा र अहिले नयाँ दलको प्रचण्ड बहुमतको सरकार हुँदा के फरक परेको छ भन्ने मापन मूल्य वृद्धि हो।

नेपाली बजारमा गत वर्षको तुलनामा खाद्यान्न मूल्यमा तीव्र उतारचढाव देखिएको छ। चैत २०८१ को तुलनामा चैत २०८२ सम्म आइपुग्दा चामल, तेल र केही मसलाको मूल्य निकै बढेको छ। नेपाल खुद्रा व्यापार संघको तथ्यांक अनुसार गत वर्ष प्रतिकिलो १ सय ६० रुपैयाँ रहेको ताइचिन चिउराको मूल्य यस वर्ष ३० रुपैयाँ बढेर १ सय ९० कायम भएको छ। जनतालाई बुझाउन यस्तै अन्य खानेकुराको बारेमा उपभोक्तालाई सचेत पार्ने काममा विपक्षी दलहरु लाग्नुपर्छ। दालहन तर्फ मुङ गेडाको मूल्य गत वर्ष १ सय ७० रहेकोमा ३० रुपैयाँ वृद्धि भई २ सय पुगेको छ भने १ सय ८० रहेको मुङ छाटा ३० रुपैयाँ बढेर २ सय १० पुगेको छ। खाने तेलतर्फ सनफ्लावर तेल गत वर्ष २ सय ५५ रुपैयाँ प्रतिलिटर रहेकोमा ४० बढेर २ सय ९५ पुगेको छ भने ३ सय २५ रहेको काँचो तोरीको तेल ५० बढेर ३ सय ७५ रुपैयाँ पुगेको छ। मसलातर्फ गत वर्ष ४ सय ५० रुपैयाँ रहेको बेसार पाउडर ५० बढेर ५ सय कायम भएको छ।

अन्य वस्तुमा १ सय १५ रुपैयाँको त्रिशूली पोखरेली चामल ५ रुपैयाँ बढेर १२०, १ सय ७० को बासमती चामल १० बढेर १ सय ८०, १ सय ९० को मुङ खोस्टा दाल ३० बढेर २ सय २० र १ सय ६५ को मुसुरो दाल २५ बढेर १ सय ९० रुपैयाँ पुगेको छ। तरकारी र फलफूल, माछा मासु र इन्धनको त आकासिएको छ। कुनै पनि क्षेत्रमा मूल्य घटेर जनताले राहतको महसुस गर्न पाएका छैनन। सरकार जनताले भोट दिएको भनेर खुशी हुँदै मुल्य बढाउन तल्लीन छ। विपक्षी दलको काम भनेको सरकारको जनतामारा निर्णयमा लगाम लगाउने हो।संसदमा कति सांसदहरू छन भनेर होइन जनताको विषयमा के आवाज उठाइयो भनेर जनताले हेर्छन ।जनताको पीडामा बोल्न विपक्षी दल अग्रसर भएमा सरकारलाई गलत निर्ण फिर्ता लिन बाध्य पार्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# फिलिम-लार्केपास पदमार्गमा खच्चड आवतजावतमा रोक

**पोखरापत्र संवाददाता**
गोरखा, ८ बैशाख

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाअन्तर्गत पर्ने फिलिम-लार्केपास पदमार्गमा खच्चड आवतजावतमा रोक लगाइएको छ।

उक्त पदमार्ग स्तरोन्नति भइरहेकाले पाँच दिनका लागि खच्चड ओहोरदोहोर गर्न/गराउन रोक लगाइएको हो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले गाउँपालिकाको वडा नं ५ राना गाउँस्थित फिलिम-लार्केपास पदमार्गमा ढलान तथा रेलिङ निर्माणका लागि भइरहेकाले मङ्गलबारदेखि खच्चड हिँडाउन बन्द गर्न लागिएको जानकारी दिनुभयो । "वैशाख ८ गतेदेखि १२ गतेसम्म खच्चड आवतजावत गराउनुपरे वैकल्पिक बाटो प्रयोग गर्न अनुरोध गरिएको छ, पैदलमार्ग स्तरोन्निति सम्पन्न भएलगत्तै पुनः सहज बनाइनेछ", उहाँले भन्नुभयो।

चुमनुब्री गाउँपालिकामा अहिले पनि दैनिक उपभोग्य वस्तु खाद्यान्नलगायत निर्माण सामग्रीसमेत खच्चडबाट ढुवानी गराउनुपर्ने बाध्यता रहँदै आएको छ । गाउँपालिकाले खच्चड व्यवसायीलाई पनि पाँच दिनका लागि खच्चड आवतजावत बन्द गरिदिन अनुरोध गरेको छ।

# बेनीमा करदाता सेवा सुरु



**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ बैशाख

बेनी नगरपालिकामा जिल्लामै पहिलो पटक मंगलबारदेखि करदाता सेवा सुरु भएको छ।

बेनी नगरपालिका कार्यालयबाट स्थायी लेखा नम्बर जारी, व्यवसायलाई आयकरमा दर्ता, स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधन र दर्ता खारेजी भएका ब्यवसायिक स्थायी लेखा नम्बरलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रूपान्तरण गर्नेसम्बन्धी सेवा सुरु भएको हो । यसअघि यी सेवा लिनका लागि म्याग्दीका सेवाग्राहीहरू आन्तरिक राजस्व कार्यालय बागलुङ जाने गरेका थिए। करदातासम्बन्धी सेवाका लागि बागलुङ जान, आउन लाग्ने समय र खर्चको बचत भई सर्वसाधारणलाई सहज हुने बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा र आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत कपिल सिलवालबीच समझदारीपत्रमा हस्ताक्षर गरी सेवा प्रवाहको औपचारिक सुरुआत गरिएको हो । सङ्घीय सरकारले गत कात्तिक १७ गते स्थानीय तहबाट करदाता सेवा प्रदान गर्ने निर्णय गरेको थियो । सेवाले प्रशासनिक सङ्घीयतालाई बलियो बनाउने र यस कार्यक्रमले कर प्रशासनको कामलाई विकेन्द्रित गर्दै स्थानीय तहलाई थप मजबुद बनाउन सहयोग पुग्ने आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत सिलवालले बताउनुभयो । उहाँका अनुसार कर कार्यालय बागलुङको कार्यक्षेत्र भएका जिल्लाहरू बागलुङ, पर्वत, मुस्ताङ र म्याग्दीका स्थानीय तहहरूमध्ये बागलुङको गलकोट नगरपालिका, पर्वतको पैंयु गाउँपालिका र म्याग्दीको बेनी नगरपालिकाबाट सेवा सुरु भएको छ।

अन्य जिल्लाका पालिकाहरूमा पनि बिस्तारै सेवा विस्तार गरिने योजना रहेको सिलवालले बताउनुभयो । बेनी नगरपालिकामा करदता सेवा प्रदान गर्न नगरका राजस्व शाखाका चार जना कर्मचारीलाई तालिम प्रदान गरी आवश्यक उपकरणको व्यवस्थापन गरिएको बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो। करदातालाई सहजता हुने, कर भुक्तानीको लागत र समय घट्ने, स्थानीय सरकारको 'आयस्रोत' सक्षमता करको आधारमा वृद्धि हुने, सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो।

# तेइस लाख बालकालिकालाई भिटामिन 'ए' खुवाइयो

**रासस**
काठमाडौं, ८ बैशाख

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सञ्चालन गरेको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत करिब २३ लाख लाख बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाइएको छ।

यही वैशाख ६ र ७ गते सञ्चालन गरिएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत ती बालबालिकालाई भिटामिन 'ए' र २१ लाख बालबालिकालाई जुकाको औषधि खुवाइएको मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले जानकारी दिनुभयो । यस्तै आठ लाख बालबालिकालाई बालभिटा खुवाइएको छ ।

देशैभरका छ महिनादेखि देखि ५९ महिनाका बालबालिकालाई भिटामिन 'ए' तथा १२ महिनादेखि ५९ महिनाका बालबालिकालाई जुकाको औषधि र छ महिनादेखि २३ महिनाका बालबालिकालाई बालभिटा खुवाइएको थियो।

आँखाको दृष्टिलाई जोगाउने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, कुपोषण कम गर्ने र बालमृत्युदर घटाउने सरकारले बालबालिकालाई भिटामिन 'ए', जुकाको औषधि र बालभिटा खुवाउने गरेको छ।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रममा करिब ५० हजार जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा १५ हजार स्थानीय तहका स्वास्थ्यकर्मी खटिएका थिए । सरकारले हरेक आर्थिक वर्षको कात्तिक र वैशाखमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम २०५९ सालदेखि र जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ सालदेखि सञ्चालन गर्दै आइरहेको छ।

# तनहुँ जिल्ला प्रशासनका केही सेवा एकीकृत सेवा कार्यालयको भवनबाट

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ बैशाख

जिल्ला प्रशासन कार्यालयले सोमबारदेखि आफ्ना केही सेवा साविक एकीकृत सेवा कार्यालयको भवनबाट प्रवाह गर्न सुरु गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले प्रशासन शाखाअन्तर्गतका विभिन्न सिफारिस तथा प्रशासनिक कार्य, भण्डारण शाखा, लेखा शाखाका साथै सहायक प्रमुख जिल्ला अधिकारी र प्रमुख जिल्ला अधिकारीको कार्यकक्षबाट प्रदान गरिने सेवाहरू एकीकृत सेवा कार्यालयको भवनबाट सञ्चालन हुने जानकारी दिनुभयो।

यसअघि व्यास नगरपालिकाको स्वामित्वमा रहेको दमौली हल भवनबाट सञ्चालन हुँदै आएका सेवाहरू पनि सोमबारदेखि सोही नयाँ कार्यालयमा स्थानान्तरण गरिएको रेग्मीले बताउनुभयो। कठिन परिस्थितिमा जिल्ला प्रशासनका सेवा सञ्चालन गर्न सहयोग पुऱ्याएकामा व्यास नगरपालिकाप्रति धन्यवाद व्यक्त गर्दै कार्यालयले एकीकृत सेवा कार्यालयको भवन प्रयोग गर्न दिने निर्णय गरेकामा गण्डकी प्रदेश सरकारप्रति विशेष आभार प्रकट गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ स्थानबाट सेवा प्रवाह सुरु गरिएको जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारले साविकको सामाजिक विकास कार्यालय र घरेलु, पर्यटन तथा उद्योग कार्यालयलाई एकीकरण गरी एकीकृत सेवा कार्यालय सञ्चालनमा ल्याइएको हो।

यसअघि दुई फरक भवनबाट सेवा दिँदै आएको एकीकृत कार्यालयलाई हाल पुरानो घरेलु तथा साना उद्योग कार्यालयको भवनमा सारिएको छ।

एकीकृत कार्यालय एकै ठाउँमा सीमित गराएर खाली बनाई सामाजिक विकास कार्यालयको भवनलाई प्रशासनले प्रयोगमा ल्याइएको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले उल्लेख गर्नुभयो। उहाँका अनुसार प्रशासन कार्यालयले क्षति पुगेको पुरानै प्रशासनिक भवनबाट नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवाहरू प्रदान गरिरहेको छ।

गत भदौमा भएको जेनजी आन्दोलनबाट क्षति भएको भवनलाई मर्मत गरी केही समय सेवा प्रवाह गरिए पनि कार्यकक्षको अभाव थियो। अब अन्य प्रशासनिक तथा शान्ति सुरक्षासम्बन्धी सेवाहरू सामाजिक विकास कार्यालयमा स्थापना गरिएको नयाँ शाखाबाट प्रदान गरिने उहाँले जानकारी दिनुभयो।

# राहुघाट जलविद्युत् आयोजनाः ९५ प्रतिशत भौतिक प्रगति

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ बैशाख



नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको ९५ प्रतिशत भौतिक प्रगति भएको छ । सुरुङ, बाँध र विद्युतगृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना परीक्षण उत्पादनको तयारीमा जुटेको हो।

आगामी जेठभित्र परीक्षण उत्पादन गर्ने लक्ष्यसहित निर्माण भएका भौतिक संरचनाको परीक्षणको तयारी गरेको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिनुभयो । "सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकलका संरचना निर्माण र उपकरण जडान सकेर फिनिसिङ भइरहेको छ", उहाँले भन्नुभयो, "सुरुङमा पस्ने चारवटा प्रवेशमार्ग बन्द गराएपछि पानी भरेर परीक्षण गर्ने तयारीमा छौं।" भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित सन् २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोबेम्बरसम्मका लागि तेस्रोपटक म्याद थपिएको थियो । चौथोपटक थपिएको समयभित्र आयोजना सम्पन्न गराउने लक्ष्यअनुसार काम भइरहेको प्रबन्ध सञ्चालक केसीले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र दुईवटा पानी थिग्र्याउने पोखरी निर्माण सकिएको छ । तिल्केनीचौरमा विद्युतगृह निर्माण सकेर रङरोगन गर्न थालिएको छ। बीस मेगावाटको एकवटा युनिट जडान भइसकेको छ भने अर्को युनिटका पाटपुर्जा जडान अन्तिम चरणमा पुगेको छ । विद्युत्गृह परिसरमा आयोजनाबाट उत्पादित विद्युत् लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि स्वीचयार्ड तयार पारिएको हाइड्रोपावरका प्रबन्ध सञ्चालक केसीले जानकारी दिनुभयो । कोरोना महामारी, बाढीपहिरोलगायत प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजनाको काममा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो । भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)सँग २०७६ साल कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२ दशमलव ३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता भएको थियो। भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एण्ड कन्ट्र्याक्ट (इपिसी) प्रारुपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो। कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसीएलसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो । पछिल्लोपटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्स (जेपी)ले विसं २०७५ असारमा पहुँचमार्ग र विसं २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो । यस आयोजनाले वार्षिक २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो। राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी करिडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ । चारवटा टावर र प्रसारण लाइन पनि बनिसकेको आयोजना कार्यालयले जनाएको छ।


## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

(प्रकाशित मितिः २०८३/०१/०९)

**कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८२/०४/१८ मा दर्ता भएको प्रा.लि. द. नं. ३७०८७६ को इन्टेलिजेन्ट माइन्ड स्टडी अब्रोड प्रा.लि. कम्पनीको मिति २०८३/०१/०६ मा सम्पन्न भएको विशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सवुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।**

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः**
**मनिराम नेपाल**
**इजाजत नं. ५४२ सम्पर्कः ९८५१०८९१८३**

# भैँसीपालन व्यवसाय छाडेर बाख्रापाल : वार्षिक लाखौँ आम्दानी लिन्छन् गौचन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ बैशाख



जिल्लाको धौलागिरि गाउँपालिका-२ लमसुङका कृष्ण गौचन रु ५२ हजार लगानीबाट सुरुआत गरेको बाख्रापालन व्यवसायबाट वार्षिक लाखौँ आम्दानी गर्न सफल हुनुभएको छ।

विसं २०७४ मा ६० वर्षीय गौचनले घुम्तीकोषको सहुलियत ब्याजदरको ऋण रु ३८ हजार १५० र रु १५ हजार बीउपुँजीबाट सुरु गरेको लोकेश कृषि तथा बाख्रा फार्मबाट स्वरोजगार र आत्मनिर्भर बन्नुभएको हो।

"घुम्तीकोषको ऋण र बीउपुँजीबाट तीन माउ बाख्रा किनेर घरमा भएका दुई वटा बाख्रामा थपेर पाँच वटा बनाएको थिए तर दुई वटा मरे", उहाँले भन्नुभयो, "जमुनापारी जातको बाख्राको नश्ल सुधारका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट बोयर जातको बोका पाएपछि मेरो गोठमा बाख्राको सङ्ख्या बढेर १२० सम्म पुग्यो।" हाल ७० खसीबोका, पाठापाठी र माउबाख्रा छन्। उक्त फार्मबाट वार्षिक १५ भन्दा बढी खसीबोका र उत्तिकै सङ्ख्यामा पाठापाठी बिक्री हुन्छ। मासुका लागि खसीबोका मासु र पाल्नलाई पाठापाठी किन्न ग्राहकहरू गोठमै आउँछन्। पाठापाठी र खसीबोकाको उमेर तथा तौलको आधारमा फरक-फरक मूल्यमा बिक्री हुने गरेको छ। घुम्तीगोठमा परम्परागत भैँसीपालन व्यवसाय छाडेर गौचनले बाख्रापालन सुरु गर्नुभएको थियो। बाख्रापालनबाट भएको आम्दानीले घरव्यवहार चलाउन सहज भएको गौचनले बताउनुभयो। उहाँलाई व्यवसाय सञ्चालनका लागि श्रीमती र छोरीले साथ दिँदै आउनुभएको छ। बाख्रापालनबाट भएको आम्दानीले कान्छा छोरा लिलेन्द्र गौचनलाई पढ्नका लागि अष्ट्रेलिया पठाउनुभएको छ। वैदेशिक रोजगारीका लागि केही वर्ष पोर्चुगलमा काम गरेका जेठा छोरा सुरेन्द्र जन्मथलो फर्किएर बुबा कृष्णलाई बाख्रापालनमा साथ दिनुभएको छ।

वैदेशिक रोजगारीमा सेचोजस्तो सफलता नमिलेपछि घर फर्किएर बुबालाई बाख्रापालनमा साथ दिएको सुरेन्द्रले बताउनुभयो। "विदेशमा गर्ने मेहनत र बगाउने श्रम पसिनाबाट आफ्नै देशभित्र पनि केही गर्न सकिने रहेछ भन्ने बुबाको व्यवसायबाट सिकेर साथ दिएको छ", उहाँले भन्नुभयो, "विदेशको अनुभव पनि गरियो। अबै यतै व्यवस्थित रुपमा बाख्रापालन गर्ने सोचाइमा छु।" बाख्रापालनका लागि गौचनले लमसुङ र मरेनी दुई ठाउँमा गोठ बनाउनुभएको छ। चरनका लागि दुई/दुई महिनामा लमसुङ र मरेनीमा गोठ सार्ने गर्दै आउनुभएको छ। खोर निर्माणका लागि पछिल्लोपटक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले रु एक लाख ५० हजार सहयोग गरेको गौचनले बताउनुभयो।

# म्याग्दीका पशुगोठ गर्मी छल्न लेक उक्लन थाले

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ बैशाख



गर्मी बढ्न थालेपछि म्याग्दीका घुम्ती पशु गोठहरू हिमाली भेगका लेकतर्फ सार्न थालिएको छ।

हिउँदयाममा चिसो छल्न र आहाराका लागि बेँसीका फाँटहरूमा ल्याइएका भेडाबाख्रा र गाईभैँसीका गोठ लेकतर्फ लैजान थालिएको हो। धवलागिरि गाउँपालिका-३ हुचिन र सोलवाडमा पाँच महिना राखेको गोठ लेकतर्फ लैजान मुनाको जौबारीमा सारेको स्थानीय किसान यामप्रसाद पुनले बताउनुभयो।

"बेँसीका फाँटमा बर्खेबाली लगाएपछि हप्ता/दश दिनको अन्तरमा घुम्ती गोठ सार्दै हिमालतिर जान्छौँ", उहाँले भन्नुभयो, "पाँच हजार मिटर उचाइको बुकी पाटनमा बर्खामा पोषिलो घाँस खुवाएर चिसो बढ्न थालेपछि गोठ बेँसी झार्ने गर्छौं।" बेँसीबाट उकालो लागेका गोठ भदौमा हिमालको फेदीका बुकी पाटनमा पुर्‍याउने र असोजमा बेँसी झार्ने चलन छ। गोठालाहरूले गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ भने लेकका चरन क्षेत्रलाई बुकी पाटन। खर्कमा रहेका ढुङ्गाको पर्खालमा काठ र निगाला तेर्स्याएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ। बेँसीका खेतबारीमा घुम्ती गोठ राखेर जमिनलाई मलिलो बनाउने चलन छ। ढोरपाटन सिकार आरक्ष, अन्नपूर्ण र धवलागिरि हिमाल आसपासका क्षेत्रमा गोठ लैजाने गरिन्छ। हिमाली क्षेत्रको बुकीको पोषिलो घाँस खाएका पशुचौपाया स्वस्थ, बलिया र दूधालु हुने धवलागिरि गाउँपालिका-५ मल्कवाङका देवान छन्त्यालले बताउनुभयो। धवलागिरिको गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ, मल्कवाङ, रघुगङ्गाको कुइनेखानी, पाल्लेखर्क, मङ्गलेखानी, चिमखोला, दग्नाम, ठाडाखानी, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख, राम्चेका किसानले घुम्ती गोठमा परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन्।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गोपाल गिरीले लेकतर्फ लैजानुअघि पशुहरूलाई महामारीविरुद्धको खोप लगाइएको जानकारी दिनुभयो। खोरेत, पिपिआर, भ्यागुते, चरचरे र रेबिज रोगबाट पशुलाई बचाउन गण्डकी प्रदेशको पशुमा पूर्णखोप कार्यक्रममार्फत निःशुल्क खोप लगाइएको उहाँले बताउनुभयो। प्रदेश सरकार र स्थानीय तहहरूले घुम्ती गोठ निर्माणका लागि अनुदानका लागि बजेट विनियोजन गरे पनि नीतिगत समस्याका कारण किसानले सुविधा पाउन सकेका छैनन्। युवा पुस्ताले बेवास्ता गर्दा र वैदेशिक रोजगारीका कारण घुम्ती गोठमा गरिने पशुपालन सङ्कटमा परेको छ।

लेकाली क्षेत्रमा व्यक्तिगत जग्गा नभएको र सार्वजनिक जग्गामा संरचना बनाउँदा हुने खर्चलाई महालेखा परीक्षक तथा अख्तियार आकर्षित हुने हुँदा बजेट परिचालन हुन नसकेको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो।

# नेपालले युएईलाई हरायो

**रासस**
काठमाडौं, ८ बैशाख

संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा यूएईले नेपाललाई जितको लागि १२९ रनको लक्ष्य दिएको थियो। जवाफमा नेपालले १५.५ ओभरमै मात्र २ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो।

नेपालको जितमा कुशल भुर्तेल नायक बने। उनले ५७ बलमा १२ चौका र २ छक्कासहित अविजित ८४ रनको उत्कृष्ट इनिङ्स खेले। त्यस्तै कुशल मल्लले १९ रन बनाए भने सन्तोष यादव १ रनमा आउट भए। कप्तान दीपेन्द्र सिंह ऐरी २३ रनमा अविजित रहँदै टोलीलाई जितसम्म पुऱ्याए। यूएईका निलांश केसवानी र मुहम्मद अरफानले समान १-१ विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १२८ रन बनाएको थियो। यूएईका लागि अक्षदीप नाथले अविजित ५३ रन र मुहम्मद अरफानले ३२ रन बनाएका थिए। नेपालका बलर सन्दीप लामिछानेले ४ ओभरमा मात्र ६ रन दिएर ३ विकेट लिए। हेमन्त धामीले २ विकेट लिए भने नन्दन यादव र शाहब आलमले समान १-१ विकेट लिए। दुई खेलको उक्त सिरिजमा दुवै टोलिले एक एक खेल आआफ्नो पक्षमा पारे। हिजो भएको पहिलो खेलमा नेपाल युएईसङ ६ विकेटले पराजित भएको थियो।

# पोखरा स्पोर्ट्स अवार्डमा भूतपूर्व खेलाडी मञ्चको सहकार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख



नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले पोखरा स्पोर्ट्स् अवार्डलाई प्रदान गर्दै आएको सहयोगलाई यसपटक पनि निरन्तरता दिने भएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजना तथा रारा तयारी चाउचाउको टाईटल स्पोन्सरमा आगामी वैशाख १८ गते पोखराको ईभेन्ट सेन्टरमा आयोजना गर्ने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा प्रदान गर्दै आएको सहयोगलाई निरन्तरता दिएको हो।

भूतपूर्व खेलाडी मञ्चको रजत महोत्सवको समापन, आजीवन सदस्य पुनर्मिलन समारोहत तथा राष्ट्रिय खेलकुद पुरस्कार वितरण समारोहका बीच भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिल बहादुर गुरुङले खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगरलाई सहयोग रकम हस्तान्तरण गरेका हो।

सो अवसरमा बोल्दै भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिल बहादुर गुरुङले पोखरा स्पोर्टस अवार्डलाई विगत देखि नै सहयोग गर्दै आइरहेको र यसपटक पनि सहयोगलाई निरन्तरता दिएको बताए। खेलकुद क्षेत्रका पत्रकारहरु संगठित भई खेलाडी, खेल प्रशिक्षक, रेफ्री, पत्रकार लाई समेटेर आयोजना गर्न लागिएको वृहत कार्यक्रमले खेलकुद क्षेत्रको गतिविधीलाई चलायमानमा टेवा पुऱ्याउने उनको भनाइ थियो।

सो अवसरमा बोल्दै नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्थाले पोखरा स्पोर्टस अवार्डलाई भव्य र सभ्य बनाउनका लागि खेलकुद क्षेत्रमा लागेको संघ संस्थाको महत्वपूर्ण भुमिका रहने बताउँदै भूतपूर्व खेलाडी मञ्चको सहयोग प्रति आभार प्रकट गरे।

आगामी वैशाख १८ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिदै छ। जसमा लाइफटाईम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट महिला, वर्ष उदियमान खेलाडी, वर्ष उत्कृष्ट खेल संघ संस्था, पिपुल्स च्वाइस अवार्ड र वर्ष उत्कृष्ट खेल पत्रकार रहेका छन्। पोखरा स्पोर्टस अवार्डमा पिपुल्स च्वाइस अवार्डका लागि गुरुङ गहना घर प्रालिले स्कुटर प्रायोजन गरेको छ।

अवार्डका लागि गण्डकी प्रदेश सरकार,प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद काठमाण्डौ, केल्मी नेपाल, नेपाल खेलकुद पत्रकार मञ्च काठमाण्डौ, होटल क्राउन प्लाजा काठमाण्डौ, फोर स्टार डिलक्स हेरिटेज टेम्पल बेल बुटिक होटल एण्ड स्पा पोखरा लेकसाईड, जिल्ला खेलकुद विकास समिति कास्की, बुल्स मेन क्लबका संस्थापक इश्वर गुरुङ (हडकङ), रुपा गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकाको विशेष सहयोग रहेको छ।

त्यसैगरी सहयोगीहरुमा टाइगर ग्रुप अफ पोखरा, सहारा क्लब, तमु धिँ युके, भूतपूर्व खेलाडी मञ्च, मञ्चका पूर्व अध्यक्ष प्रेम नारायण न्यौपाने, पत्रकार महासंघ जापानका पूर्व अध्यक्ष तथा मञ्चका पूर्व अध्यक्ष मोहन घले, विनोद गुरुङ, जापानबाट युवराज गुरुङ, निशान रानामगर, रमेश कुमार गुरुङ, पूर्व राष्ट्रिय खेलाडी बसन्त गौचन, किरण थापा अष्ट्रेलिया र राइनो हस्पिटालिटी एण्ड होटल म्यानेजमेन्ट प्रालि (राइनो क्याफे एण्ड शवार्मा स्टेशन), शिद्धार्थ पाण्डे कम्प्युटर सेन्टर न्युरोड, लामा कलेक्सन न्यूरोड पोखरा रहेका छन। अन्य सहयोगी संघ संस्थाको सहयोग आउने क्रम जारी रहेको छ।

# राष्ट्रिय जुनियर टेनिसमा दर्शिल र सारालाई स्वर्ण पदक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख




कास्की जिल्ला टेनिस संघको आयोजनामा मंगलबार पोखरामा सम्पन्न यू१८ ब्वाइज सिंगलसतर्फ दर्शिल श्रेष्ठले स्वर्ण पदक जिते भने गर्ल्स सिंगल्सतर्फ सारा पन्तले यू१२ र यू१४ तर्फ स्वर्ण पदक जितेकी छन्।

सम्पन्न प्रतियोगिताको यू १८ ब्वाइजतर्फ दर्शिलले फाइनलमा शास्वत बज्राचार्यलाई ६-४, ६-३ को सोझो सेटमा पराजित गरे।

यू१६ ब्वाइजतर्फ सन्दिप विकले स्पन्दन उदासलाई ६-२, ३-६, ६-१ ले फाइनलमा पराजित गरी स्वर्ण पदक जिते भने सन्दिपले रजत पदक हात पारे। यू१६ गर्ल्सतर्फ श्वरा थापाले स्वर्ण जितिने भने ऐरा खत्री रजत पदकमा सिमित भइन्। श्वराले फाइनलमा ऐरालाई ४-६, ६-२, ६-१ को संघर्षपूर्ण जित निकालिन्। यू-१२ गर्ल्सतर्फ सारा पन्तले फाइनलमा नाइरा घलेलाई ६-२, ६-१ ले हराइन् भने यू१४ तर्फ सारा श्वरा थापालाई ६-४, ६-१ को सहज जित निकाल्दै स्वर्ण पदक जित्दा श्वारा रजत पदक हात पारिन्। यू१२ ब्वाइजतर्फको फाइनलमा बेदान्त चालिसेले अरित मल्ललाई पराजित गरी स्वर्ण पदक जिते। बेदान्तले अरितलाई फाइनलमा ३-६, ७-६ र ६-२ ले पराजित गरेका थिए। त्यस्तै यू१० ब्वाइजतर्फ कायान चालिसेले फाइनलमा सोनाम घलेलाई ६-२, ६-४ को सोझो सेटमा पराजित गरी स्वर्ण पदक जित्दा यू१४तर्फ आरित मल्लले बेदान्त चासिलेलाई फाइनलमा ६-४, ६-१ ले पराजित गरी स्वर्ण पदक जिते भने आरितले रजत पदक हात पारे। प्रतियोगितामा बिजेता खेलाडीहरुलाई प्रतियोगिताका मुख्य प्रायोजक कुमार श्री मोहन बहादुर शाही, उनका नाती भिमजित शाही, नेपाल टेनिसका उपाध्यक्ष बिनोद कायस्थ, केन्द्रिय सदस्य विष्णु बहादुर थापा, प्रतियोगिताका संयोजक लोक बहादुर गुरुङ, कास्की टेनिसका द्वितिय उपाध्यक्ष नविन श्रेष्ठ, नेपाल नं १ टेनिस खेलाडी प्रदिप खड्का, टुर्नामेन्ट डाइरेक्टर कुमार अधिकारीले पदक, प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरेका थिए। समापन कार्यक्रम कास्की टेनिसका कार्यवाहक अध्यक्ष नविन चालिसेको अध्यक्षतामा भएको थियो। उनले सो अवसरमा पाँच वर्ष देखि निरन्तर रुपमा आफ्ना नाती भिम्नजीत र नातिनीको मनुश्रीको सम्मानमा कुमार श्री मोहन बहादुर शाहीले निरन्तर मुख्य प्रायोजन गरेर देशकै ठूलो जुनियर प्रतियोगिता आयोजना गर्न हौसला बढाएकोमा आभार व्यक्त गरे। यहि बैशाख ५ गतेबाट सञ्चालन भएको प्रतियोगिता ८ वर्ष मुनी देखि १८ वर्ष मुनीका ९० जना जुनियर खेलाडीहरुले सहभागिता जनाएका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, घट्टेखोला नमुनाटोल सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः घट्टेखोला नमुनाटोल सडक स्तरोन्नति
ठेगानाः पोखरा-१३, माछापुच्छ्रे टोल
योजना सुरु हुने मितिः २०८२/१०/२० गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/२८ गते
योजनाको कुल लागतः रु. ५,५५,५५६।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
श्रमदानबाटः रु. ५५,५५६
उपभोक्ता समिति अध्यक्षः ध्रुवप्रसाद सिग्देल
सम्पर्क नं.: ९८४६४१०१०५
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ५ पुरुषः ४ जना

**घट्टेखोला नमुनाटोल सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१३**


# साफ च्याम्पियनसिपका लागि खेलाडी छनोट

**रासस**
काठमाडौं, ८ बैशाख

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले भारतमा आयोजना हुने साफ महिला च्याम्पियनसिप -२०२६ का लागि मंगलबार प्रारम्भिक चरणमा ३५ सदस्यीय नेपाली टोलीको नाम सार्वजनिक गरेको छ।

नेपाल महिला राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपाने उक्त प्रतियोगिताका लागि ३५ सदस्यीय प्रारम्भिक टोली घोषणा गर्नुभएको हो। प्रशिक्षक न्यौपानेले टोलीलाई तयारी गराउन पहिलो चरणको बन्द प्रशिक्षण यही वैशाख १४ गतेदेखि सुरु गर्ने तालिका रहेको एन्फाले जनाएको छ।आठौं संस्करण साफ च्याम्पियनसिप भारतको गोवा राज्यस्थित मार्गाओमा आगामी मे २५ देखि जुन ७ तारिखसम्म आयोजना हुँदैछ। दक्षिण एसियाली महिला फुटबलमा नेपाल सधैँ बलियो दावेदारका रूपमा देखिँदै आएको छ तर पटक-पटक फाइनल पुगे पनि उपाधि जित्न सकेको छैन। प्रशिक्षक न्यौपानेको नेतृत्वमा नेपाल पहिलो पटक उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रिनेछ।

छनोट भएको प्रारम्भिक टोलीमा अञ्जिला तुम्बापो सुब्बा, अञ्जना राना मगर, अनिता बस्नेत, अनिता लाम्जेल, अनिता केसी, अस्मिता नेपाली, वर्षा ओली, बिमला विक, विमला चौधरी, बिर्सना चौधरी, दीपा शाही, गीता राना, हिरा भुजेल, जेनिफर राना, मनमाया दमाईं, मीना देउवा, नेहा कुमारी चौधरी र निशा ठोकर छन्। त्यसैगरी, पुनम चेम्जोङ, प्रतीक्षा चौधरी, प्रीति राई, पूजा राना, पूर्णिमा राई, रश्मीकुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सबिना चौधरी, सजनी ठोकर, समीक्षा घिमिरे, सरस्वती हमाल, सरु लिम्बू, सिलु परियार, सुक्रिया मियाँ, सुशीलाकुमारी चौधरी र उषा नाथ छन्।

# अर्थमन्त्री डा वाग्लेसँग अमेरिकाका सहायक विदेश कुपरले भेट

**रासस**
काठमाडौं, ८ बैशाख

अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग संयुक्त राज्य अमेरिकाका सहायक विदेशमन्त्री एसपल कुपरले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

अर्थ मन्त्रालयमा मंगलबार भएको भेटमा उहाँहरूबीच नेपालमा हाले सम्पन्न निर्वाचनपछि गठित वर्तमान सरकार र अमेरिकी सरकारबीच सम्भावित साझेदारीका क्षेत्र, लगानी प्रवर्द्धन र द्विपक्षीय सहयोगका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

उक्त छलफलमा अर्थमन्त्री डा वाग्लेले सरकारको मुख्य प्राथमिकता सुशासन, आर्थिक सुधार र गुणस्तर युक्त भौतिक पुर्वाधार निर्माण रहेको उल्लेख गर्नुभएको थियो। उहाँले पुराना अनावश्यक कानुनको खारेजी र नयाँ कानुन निर्माणद्वारा आर्थिक सुधार र लगानीको वातावरण सृजना गर्नु सरकारको प्राथमिकता रहेको बताउनुभएको थियो। अमेरिकी लगानीकर्ता तथा गैरआवासीय नेपाली लगानीकर्ताबाट विशेषगरी पर्यटन, स्वच्छ ऊर्जा र सूचना प्रविधिका क्षेत्रमा लगानी अपेक्षित रहेको सो अवसरमा उहाँले बताउनुभएको थियो।